आज मिति २०८३ साल असोज महिनाको १९ गते ठीक ११ :00 बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १२० औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वरनाथ चौधरी

का.स.शोभा कुमारी फाल

<u>मिति २०८३।०६।१९ गतेका दिन ठीक ११:०० बजे बसेको निस्दी गाउँपालिकाको १२०औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु</u>

१. समिक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।

२. म्याद थप सम्बन्धमा ।

३. प्रशासनिक खर्च मापदण्ड २०८० संशोधन सम्बन्धमा ।

४. सेवा सुविधा सम्बन्धमा ।

५. विविध ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८३।०६।१९ गते बसेको निस्दी गाउँपालिकाको १२० औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयंन अवस्थाबारे समिक्षा गर्नुका साथै सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ,उपाध्यक्ष साथै अध्यक्षबाट वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गरियो ।

२. निस्दी गाउँपालिकाको ठेक्का नं EGP/NCB/WORKS/NRM/09-077/78(Construction of Main Building of Nisdi Rural Municipality kramagat) को मूख्य प्रशासनिक भवन निर्माणका लागि सम्झौता गरेको रबिना/श्रेया/आदर्शद्धारा म्याद थपको लागि माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा भौतिक प्रगति करिब ६८ प्रतिशत भौतिक प्रगति देखिएको र बाँकी काम जेनजी आन्दोलन,प्रतिनीधि सभाको चुनाव,अन्तराष्ट्रिय युद्ध, वर्षाको कारण मोटरबाटो अवरोध,उच्च मूल्य वृद्धिका कारण निर्माण सामाग्रीहरुको अभाव लगायतका विविध कारण काबु बाहिरको परिस्थिती देखिन गई सम्पन्न नभएकोले सार्वजनिक खरिद ऐन,२०६४ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४(सोह्रौं औं संशोधन) को नियम १२०क अनुसार लिफ्टको काम बाहेक माघ मसान्त सम्म कार्यालयको सेवा प्रवाह गर्न उपयुक्त हुने गरी कार्य सम्पन्न गर्न उक्त आयोजनाको सम्झौता म्याद मिति २०८४ असार १५ गते सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. यस निस्दी गाउँपालिकाको प्रशासनिक खर्च मापदण्ड,२०८० मा भएका खर्च शीर्षक,खर्च दर तथा रकम लगायत विविध विषयमा संशोधनका लागि मापदण्डको दोस्रो पटक संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४.यस निस्दी गाउँपालिका अन्तर्गतको निस्दी आधारभूत अस्पतालमा लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालय मार्फत खटिई आउनुभएका मेडिकल अधिकृतलाई हाललाई आवास ,खाना,सञ्चार र आवश्यकता अनुसार काजको सुविधा उपलब्ध गराउने साथै आधारभूत अस्पताल अनुमति प्राप्त गरी सञ्चालन पश्चात गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यसम्पादनको आधारमा अतिरिक्त भत्ताको व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. देहायका विविध विषयहरुमा छलफल गरी देहाय बमोजिम सर्वसम्मत निर्णय गरियो ।

क.यस आ.व.२०८३।०८४ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन वडा नं.१ र ६ मा गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख. यस निस्दी गाउँपालिकाको स्वास्थ्य शाखा र नागरिक आरोग्य केन्द्र मार्फत कार्यान्वयन हुने आ.व.२०८३।०८४ को वार्षिक कार्यक्रम अन्तर्गत औषधी खरिदको लागि स्वास्थ्य शाखा मार्फत निर्धारण भई पेश भएको निस्दी गाउँपालिकाको औषधी जन्यको मूल्य तथा दर स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
मित्याल,पाल्पा
लुम्बिनी प्रदेश,नेपाल